# जानकी मेडिकल कलेज शिक्षण अस्पतालको वातावरणीय प्रभाव मूल्यांकन (EIA) प्रतिवेदन तयारीको लागि क्षेत्र निर्धारण सम्बन्धी सार्वजनिक सूचना

प्रदेश २, धनुषा जिल्लाको क्षिरेश्वरनाथ नगरपालिका, वडा न.१ र मिथिला नगरपालिका वडा नं ८ स्थित राम जानकी हेल्थ फाउण्डेशन प्रा.लि. द्वारा प्रस्तावित निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | राम जानकी हेल्थ फाउण्डेशन प्रा.लि.<br>प्रदेश २, धनुषा जिल्ला, क्षिरेश्वरनाथ नगरपालिका, वडा न.१<br>फोन नः +९७७-९८१९८९२८३१<br>ईमेलः info@janakimedicalcollege.edu.np |
| प्रस्तावको व्यहोरा | राम जानकी हेल्थ फाउण्डेशन प्रा.लि. द्वारा प्रदेश २, धनुषा जिल्ला, क्षिरेश्वरनाथ नगरपालिका, वडा न.१ स्थित ३०० शैय्या र मिथिला नगरपालिका वडा नं ८ स्थित ३०० शैय्या गरी कुल ६०० शैय्याको जानकी मेडिकल कलेज शिक्षण अस्पताल प्रस्ताव गरिएको छ। अस्पतालले दिने स्वास्थ्य सेवाहरुमा बहिरङ्ग सेवा (जनरल मेडिसिन, जनरल सर्जरी, एनसथेसिओलोजी, यौन रोग, बाल रोग, दन्त रोग, छाती रोग, नाक, कान घाटि, हाड जोर्नी), अन्तरङ्ग सेवा (मेडिकल वार्ड, सर्जिकल वार्ड), निदानात्मक सेवा (प्रयोगशाला, एक्सरे, इ. सि. जि., इन्डोसकोपी), अपरेशन थिएटर, प्याथोलोजी सेवा र २४ सै घण्टा आकस्मिक सेवा र फार्मेसी, क्यान्सर सम्बन्धी सेवाहरु आदि रहने छन्। |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा./वार्ड | धनुषा जिल्ला/ क्षिरेश्वरनाथ नगरपालिका, वडा न.१ र मिथिला नगरपालिका वडा नं ८ |

माथि उल्लिखित प्रस्तावको वातावरणीय प्रभाव मूल्यांकन (EIA) अध्ययन सम्बन्धी क्षेत्र निर्धारण गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, रासायनिक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको नगरपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितीले ७ (सात) दिन भित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन हार्दिक अनुरोध गरिन्छ।

JANAKI MEDICAL COLLEGE JMC 2003 JANAKPURDHAM, NEPAL

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | राम जानकी हेल्थ फाउण्डेशन प्रा.लि.<br>प्रदेश २, धनुषा जिल्ला, क्षिरेश्वरनाथ नगरपालिका, वडा न.१<br>फोन नः +९७७-९८१९८९२८३१<br>ईमेलः info@janakimedicalcollege.edu.np |
| परामर्शदाताको नाम र ठेगाना | ग्रीन ग्लोब इन्टरनेशनल प्रा.लि.<br>कोटेश्वर-३२, काठमाण्डौं, नेपाल<br>ईमेलः info.greenglobes@gmail.com<br>फोन नः ०१-५१४९१११ |

JANAKI MEDICAL COLLEGE
JMC
2003
JANAKPURDHAM, NEPAL
Service To Humanity